# कालिका पावर कम्पनी लिमिटेड

भरतपुर-१०, चितवन

फोन: ०५६-५१७१५८, ०५६-५१७१५९

Email: info@kalikagroup.com, www.kalikapower.com.np


## बार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति (२०७९/०९/०७ )

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०७९/०९/०६ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. ०७८/०७९ को बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा साधारण सभामा उपस्थितिको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

**मितिः २०७९ साल पौष महिना २९गते शुक्रबार ।**

**समयः बिहान ११:०० बजे**

**स्थानः कम्पनीको रजिर्ष्टड कार्यालय भरतपुर-१०, चितवन**

**छलफल गरिने प्रस्तावहरु (एजेण्डाहरु):**

१. **विशेष प्रस्तावहरुः**

   क. संचालक समितिको निर्णय बमोजिम प्रस्तावित कम्पनीको आ.व.०७८/०७९ को संचित मुनाफावाट हाल कायम चुक्ता पुँजी रु ६९,००,००,०००|- को १५ प्रतिशतले हुन आउने रकम रु १०,३५,००,०००/-(अक्षरेपी रु दश करोड पैतिस लाख मात्र) बराबरको बोनस शेयर दिने निर्णय अनुमोदन गर्ने सम्वन्धमा ।

   ख. प्रवन्धपत्रको दफा र नियमावलीको नियम संसोधन गर्ने सम्वन्धि विशेष प्रस्ताव पारित गर्ने ।

   ग. प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संसोधनका सम्वन्धमा नियमनकारी निकायवाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संसोधन गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सम्वन्धि विशेष प्रस्ताव पारित गर्ने ।

   घ. कालिका कन्स्ट्रक्सन प्रा.लि. अन्तर्गतको गोरखा जिल्लास्थित दरौदी खोलामा प्रस्तावित माथिल्लो दरौदी बि.साना जलविद्युत आयोजना (८.३ मे.वा.) र माथिल्लो दरौदी सि.साना जलविद्युत आयोजना (९.८२ मे.वा.) खरीद गर्ने सम्वन्धमा आवश्यक निर्णय लिन संचालक समितिलाई अख्तियारी दिने सम्वन्धमा ।

२. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी पारीत गर्ने ।

४. आ.व. ०७९/०८० को लेखापरिक्षण कार्यको लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा।

५. संचालक समितिको तर्फवाट आ.व.०७८/०७९ मा गरेको संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।

६. यस कम्पनीको सर्वसाधारण शेयरधनी समुहमा रहेका सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व हुने २ जना संचालक तथा १ जना स्वतन्त्र संचालकको निर्वाचन सम्वन्धमा ।

७. संचालक समितिको सिफारीस बमोजिम यस कम्पनीको आ.व.०७८/०७९ को संचित मुनाफावाट हाल कायम चुक्ता पुँजी रु ६९,००,००,०००/- को ०.७८९५ प्रतिशतले हुन आउने रकम रु ५४,४७,५५०/- (अक्षरेपी रु चौबन्न लाख सर्चालिस हजार पाँच सय पचास मात्र) नगद लाभांस (बोनस शेयर बापतको कर प्रयोजनको लागि मात्र) वितरण गर्न स्वीकृत गर्ने ।

८. विविध विषयमा छलफल ।

### बार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु

१. साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता किताबमा मिति २०७९/०९/१७ गते बन्द हुनेछ।

२. नेपाल स्टक लिमिटेडमा मिति २०७९/०९/१४ गते सम्म शेयर कारोबार गरी नामसारीमा आएका शेयरधनीहरुले मात्र सभामा भाग लिन तथा मतदान योग्य हुनेछन् ।

३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोली शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ । अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाईने छैन ।

४. शेयरधनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजेबाट खुल्ला गरिनेछ।

५. उपस्थित गणपुरक संख्या सभा सञ्चालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा सञ्चालन हुनेछ ।

६. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी ऐनको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि पत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । यस्तो प्रोक्सी फाराम साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरी सक्नु पर्नेछ। तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भएमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।

७. कुनै शेयरधनी महानुभावहरुले छलफलका बिषयहरु विविध शीर्षकअन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनुभन्दा ७ दिन अगावै कम्पनी सचिवमार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारित गर्नको लागि समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ।

८. साधारण सभासम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय भरतपुर-१०, चितवन वा कम्पनीको कर्पोरेट कार्यालय कालिका टावर बालुवाटार काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै थप जानकारी कम्पनीको वेब साइट www.kalikapower.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ ।

**संचालक समितिको आज्ञाले**

**कम्पनी सचिव**